# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

## नियमन विभाग

परिपत्र संख्याः नि.वि.,१-२०८२/८३ मितिः २०८२/१०/०२

चलानी नं. १६४८

श्री बोर्डबाट अनुमतिपत्र प्राप्त सम्पूर्ण योजना व्यवस्थापकहरू।

**विषयः बीज पुँजी सम्बन्धमा।**

उपर्युक्त सम्बन्धमा सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम २९ (२) मा रहेको व्यवस्था बमोजिम पहिलो योजना बाहेक अन्य योजनाका सम्बन्धमा पहिलो योजनाको कार्य सम्पादनको आधारमा बोर्डले समय समयमा तोकिदिए बमोजिमको प्रतिशतको बीज पूँजी राख्नुपर्नेछ भन्ने व्यवस्था बमोजिम बीज पूँजीका सम्बन्धमा मिति २०८२।१०।०१ देखि लागू हुने गरी देहाय बमोजिमको नीतिगत व्यवस्था गर्ने संचालक बोर्डको निर्णयानुसार सम्पूर्ण योजना व्यवस्थापकहरूमा जानकारीका लागि अनुरोध छ।

**(१) योजना व्यवस्थापकले देहायका सम्पूर्ण शर्त पूरा गरेको अवस्थामा कम्तिमा दश प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्न सक्नेछ।**

(क) योजना व्यवस्थापकसँग कम्तिमा तीन वर्ष सामूहिक लगानी योजना संचालन अनुभव भएको।

(ख) योजना व्यवस्थापकले व्यवस्थापन गरेको योजनाहरूको कुल पूँजी एक अर्ब भन्दा बढी भएको।

(ग) बोर्डबाट संचालन अनुमति प्राप्त गरि संचालनमा रहेका योजनाहरूको पछिल्लो तीन वर्षको प्रति इकाई मासिक खुद सम्पत्ति मूल्यको औसत सो योजनाको प्रति इकाई अंकित मूल्य भन्दा बढी भएको। यसरी मासिक खुद सम्पत्तिको गणना गर्दा कुनै योजनाको अवधि तीन वर्षभन्दा कम भएमा सो अवधिको र तीन वर्षभन्दा बढी भएमा पछिल्लो तीन वर्षको औसतलाई मात्र समावेश गर्नुपर्ने।

(घ) योजना व्यवस्थापकको रेटिङ्ग न्युनतम रेटिङ्ग भन्दा बढी भएको।

(ङ) योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक बोर्डबाट कुनै कारवाही वा निलम्बनमा परेको भए सो कारवाही भएको वा निलम्बन फुकुवा भएको छ महिना अवधि व्यतित भइसकेको।

**(२) योजना व्यवस्थापकले देहायका सम्पूर्ण शर्त पूरा गरेको अवस्थामा कम्तिमा पाँच प्रतिशत रकम बीज पूँजीको रुपमा लगानी गर्न सक्नेछ।**

(क) योजना व्यवस्थापकसँग कम्तिमा पाँच वर्ष सामूहिक लगानी योजना संचालन अनुभव भएको।

(ख) योजना व्यवस्थापकले व्यवस्थापन गरेको योजनाहरूको कुल पूँजी पाँच अर्ब भन्दा बढी भएको।

(ग) बोर्डबाट संचालन अनुमति प्राप्त गरि संचालनमा रहेका योजनाहरूको पछिल्लो तीन वर्षको प्रति इकाई मासिक खुद सम्पत्ति मूल्यको औसत सो योजनाको प्रति इकाई अंकित मूल्य भन्दा बढी भएको। यसरी मासिक खुद सम्पत्तिको गणना गर्दा कुनै योजनाको अवधि तीन वर्षभन्दा कम भएमा सो अवधिको र तीन वर्षभन्दा बढी भएमा पछिल्लो तीन वर्षको औसतलाई मात्र समावेश गर्नुपर्ने।

पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं. फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेल: support@sebon.gov.np, वेभसाइट: www.sebon.gov.np

# नेपाल धितोपत्र बोर्ड

(नेपाल सरकारको धितोपत्र तथा वस्तु विनियम बजारको नियामक निकाय)

## नियमन विभाग


(घ) योजना व्यवस्थापकले औसत वा सो भन्दा बढी रेटिङ्ग प्राप्त गरेको।

(ङ) योजना व्यवस्थापक तथा कोष सुपरिवेक्षक बोर्डबाट कुनै कारवाही वा निलम्बनमा परेको भए सो कारवाही भएको वा निलम्बन फुकुवा भएको छ महिना अवधि व्यतित भइसकेको।

(३) बुँदा १ र २ बमोजिम बीज पूँजीको सुविधा प्रयोग गरि संचालन गरेको योजनाको आकार रू. १० अर्ब भन्दा बढी हुने छैन।

(४) बुँदा १,२, र ३ मा उल्लेखित शर्तहरू पूरा गर्न नसकेको अवस्थामा १५ प्रतिशत बीज पूँजी लगानी गरी नयाँ योजना तथा थप इकाई निष्काशन गर्न बाधा पुग्ने छैन।

(५) नयाँ योजना तथा थप इकाई निष्काशनको स्वीकृतिका लागि बोर्डमा आवेदन दिँदा माथि उल्लेखित सम्पूर्ण शर्तको पालना गरिएको उद्घोषण गरी निष्काशन तथा बिक्री प्रबन्धक र योजना व्यवस्थापकले बोर्डमा प्रतिबद्धता पत्र (ड्यु डेलिजेन्स सर्टिफिकेट) पेश गर्नुपर्नेछ।

(६) खुलामुखी योजनाको हकमा आकार वृद्धि गर्दा बीज पूँजी रकम समायोजन गर्न सकिनेछ। तर, यसरी समायोजन गर्दा पहिला लगानी भैसकेको बीज पूँजी रकम भन्दा कम हुने गरी घटाउन पाइने छैन।

**साथै, योजना व्यवस्थापकलाई देहाय बमोजिमको निर्देशन दिने संचालक बोर्डको निर्णयानुसार सम्पूर्ण योजना व्यवस्थापकलाई देहाय बमोजिमको निर्देशन जारी गरिएको छ।**

- योजना व्यवस्थापकले जोखिम व्यवस्थापन नीति (Risk Management Policy) तर्जुमा गरी कार्यान्वयन गर्नुपर्ने।
- योजना व्यवस्थापकले योजनाको दबाब परिक्षण (Stress Test) को Model तयार गरी अर्धवार्षिक अवधिमा प्रत्येक योजनाको दबाब परिक्षण (Stress Test) गरी सो को प्रतिवेदन अनिवार्य रूपमा कोष सुपरिवेक्षक र योजना व्यवस्थापकको संचालक समितिमा छलफल गरी धारणा तथा भावी योजनासहितको दबाब परिक्षण प्रतिवेदन (Stress Testing Report) बोर्डमा एक महिनाभित्र पेश गर्नुपर्ने।
- एक भन्दा बढी योजना संचालन गर्दा उक्त योजनाहरू बिचको उद्देश्य र विशेषता उल्लेख गर्नुपर्ने।

भवदीय,

(रेवत श्रेष्ठ)
निर्देशक

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

**बोधार्थः**

श्रीमान् अध्यक्षज्यू, अध्यक्षको कार्यालय, नेपाल धितोपत्र बोर्ड।
श्री सुपरिवेक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।
श्री व्यवस्थापन तथा कानुन विभाग, नेपाल धितोपत्र बोर्ड।
श्री नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग, नेपाल धितोपत्र बोर्ड।


पोष्ट बक्स नं.: ९०३१, खुमलटार, ललितपुर, नेपाल
फोन नं.: ००९७७-१-५५४१०५७, ५५५११६२, ५५४४०७७, एक्सटेन्सन नं.   फ्याक्स नं.५५४१०५८
टोल फ्रि नं: १६६०-०१-४४४३३, इमेलः support@sebon.gov.np, वेभसाइटः www.sebon.gov.np